## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२५/२०७९/०८०

### निर्णय नं.(१)

प्रस्ताव नं.(१) माथि छलफल गर्दा खोलाजन्य सामग्रीको ढुवानी धेरै कम भई कार्य गर्न नसकिने भनि विभिन्न उपभोक्ता समितिहरुबाट बारम्बार गुनासोहरु आएको भएता पनि न्यूनतम दररेट निर्धारण आ.व.को विचमा परिवर्तन गर्न सकिने प्रावधान नरहेको कारण न्यूनतम दररेट हेरफेर गर्न नसकिने बाध्यता भएकोले ग्राभेलको मुल्यमा अहिले हेरफेर गर्न नसकिने देखिन्छ। तसर्थ प्रचलित दररेट र नम्समा काम गर्न सक्ने उपभोक्ताहरुलाई सम्झौता गरी कार्य गर्न नसक्ने उपभोक्ताहरुको कार्य स्थगित गर्ने र उक्त योजनाको बजेटलाई मर्मत सम्भार कोषमा राखि अर्को आ.व.मा संचालन गर्ने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो ।

### निर्णय नं.(२)

प्रस्ताव नं.(२) माथि छलफल गर्दा साविक वयरवन गा.वि.स. वडा नं.८ हाल कानेपोखरी गाउँपालिका वडा नं.६ को रमाईलो बजार क्षेत्रमा पर्ने नक्सा सिट नं. ८|ग मा भएका जग्गाहरुको पुनः नाप नक्सा गराउनको लागि पुनः नापी गराउन वडा नं.६ को वडा कार्यालयबाट निर्णय भई माग भई आएको हुँदा वडाको माग बमोजिम पुनः नापी गराउन संघीय सरकार समक्ष माग गर्ने सर्व सम्मतबाट निर्णय पारित गरियो ।

### निर्णय नं.(३)

प्रस्ताव नं.(३) माथि छलफल गर्दा आ.व.०७९|८० को बजेट किताबमा समावेस भएका निम्न बमोजिमका योजनाहरुको नाम संशोधन गर्ने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो ।

| क्र.सं. | बजेट किताबको नाम | संशोधन भई नयाँ कायम योजना | कैफियत |
|---|---|---|---|
| १ | थानटोली बाल विकास केन्द्रको छाना निर्माण, २ नं. | थानटोली बाल विकास केन्द्रको मर्मत सम्हार , वडा नं.२ | |
| २ | दही झिङ्गे सिंचाई पैनी मर्मत (६ र ७ को सिमाना) ७ नं. | दही झिङ्गे सिंचाई पैनीको विभिन्न स्थानहरु मर्मत तथा सम्हार, वडा नं.६ | |

### निर्णय नं.(४)

प्रस्ताव नं.(४) माथि छलफल गर्दा कृषकको मागमा आधारित कृषि उत्पादनमा सहयोग पुर्याउने कृषि औजार /उपकरण खरिद गरि वितरण गर्ने कार्यको लागी कृषि शाखामा माग भई आएका निवेदन मागहरुको सम्वन्धमा आर्थिक विकास समितिले निर्णय गरि तोकेको औजार/उपकरणहरुको न्यूनतम मुल्यमा लागत ईस्टिमेट तयार गरी ल.ई.को ५०% अनुदान कृषकलाई उपलब्ध गराउने र कृषि औजार/उपकरण वितरण गर्दा प्राप्त मागलाई विचार गरी सकेसम्म सबै वडामा पुग्ने गरि वितरण गर्ने भनि सर्वसम्मतबाटै निर्णय पारित गरियो ।

### निर्णय नं.(५)

प्रस्ताव नं.(५) माथि छलफल गर्दा स्वच्छ खानेपानीको व्यवस्थापन नभएका र अति आवश्यक रहेको वढि विद्यार्थी रहेका सामुदायिक विद्यालयहरुमा शिक्षा शाखाको सिफारिसमा फिल्टर खरिद गरी वितरण गर्ने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो ।

मिति २०८०।०१।२८ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय

CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२५/२०७९/०८०

### निर्णय नं. (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ४ को उपदफा (३) मा "गाउँपालिका तथा नगरपालिकाको नाम वा केन्द्र हेरफेर गर्नु परेमा सम्बन्धित सभामा तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गरेको प्रस्ताव कार्यपालिकाले प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाउनु पर्नेछ" भनि उल्लेख भएकाले कानेपोखरी गाउँपालिका ५ नं. वडा भौंसाबारीमा आफ्नै स्वामित्वमा रहेको जग्गामा गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नको लागी कानेपोखरी गाउँपालिकाको ६ नं. वडाबाट कानेपोखरी गाउँपालिकाको ५ नं. वडा भौंसाबारीमा गाउँपालिकाको केन्द्र स्थानान्तरण गर्न कोशी प्रदेश सरकार मार्फत नेपाल सरकारमा प्रस्ताव पठाउने भनी कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभाको तेस्रो बैठकबाट दुई तिहाई भन्दा बढी मतले निर्णय भएकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ४ को उपदफा(३) बमोजिम उक्त सभाको बैठकबाट भएको निर्णयको प्रति समेत संलग्न राखी सभाको निर्णय बमोजिम गाउँपालिकाको केन्द्र स्थानान्तरण गर्ने प्रस्ताव कोशी प्रदेश सरकार मार्फत नेपाल सरकारमा निर्णयका लागी सिफारिस गरी पठाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

### निर्णय नं. (७)

प्रस्ताव नं. (७) माथि छलफल गर्दा ह्युमपाइप खरिदको लागि विनियोजित रकमको ठेक्का व्यवस्थापन भई बाँकी रहेका रकमबाट हाललाई कुनै कार्य नगर्ने सर्व सम्मतबाट निर्णय पारित गरियो ।

### निर्णय नं. (८)

प्रस्ताव नं.(८) माथि छलफल गर्दा वडा नं.६ को विहिवारे बजारमा रु.५२,०३८।६८ को मिक्सगिट्टी विछ्याउने कार्य सम्पन्न भएको हुँदा उक्त रकम मर्मत संभारकोषबाट भुक्तानी गर्ने भनि सर्वसम्मतबाट निर्णय गरियो ।

### निर्णय नं. (९)

प्रस्ताव नं.(९) माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालयको मातहतमा रहेको सवारीसाधनहरु विग्रेर मर्मत गरिएको हुँदा तपसिल वमोजिमको विवरण अनुसार मर्मतवापतको रकम तपसिल वमोजिमको सम्बन्धित सर्भिसिङ सेन्टरलाई भूक्तान गर्ने निर्णय गरियो ।

| क्र.सं. | सवारी साधन | सर्भिसिङ सेन्टर | विजक नं. | रकम | |
|---|---|---|---|---|---|
| १ | वुलेरो (को १ झ ५५७) | आशिष सर्भिसिङ सेन्टर | ७३७ | ६९८३ | |
| २ | स्करपियो (वा १ झ ८४८३) | सरु सर्भिसिङ सेन्टर | ४७८ | ३३४४८ | |

मिति २०८०।०१।२८ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२५/२०७९/०८०

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | वुलेरो (को १ झ ५५७) | सरु सर्भिसिङ सेन्टर | ४७३ | ५११६० | |
| ४ | वुलेरो (को १ झ ५५७) | सरु सर्भिसिङ सेन्टर | ४७० | ३१४८१ | |
| ५ | वुलेरो (को १ झ ५५७) | सरु सर्भिसिङ सेन्टर | ४७२ | १६१४३ | |
| ६ | दमकल | न्यू सागर अटोपार्टस | ११४ | १०५६५५ | |

**निर्णय नं. (१०)**

प्रस्ताव नं.(१०) माथि छलफल गर्दा बजेट किताबमा सडक बत्ति जडानको लागी विनियोजित रकम रु. ७ लाख बजेटले कानेपोखरी देखि आइतबारे सडक खण्ड र कानेपोखरी जहदा सडक खण्डमा कोटेशन खरिद प्रकृया मार्फत बत्ति जडान कार्य गर्ने साथे वडा नं.१ को सडक बत्ति जडानको लागी छुट्याईएको ८ लाख बजेटलाई समेत कोटेशन मार्फत नै जडान कार्य गर्ने सर्वसम्मतबाट निर्णय पारित गरियो ।

**निर्णय नं. (११)**

प्रस्ताव नं.(११) माथि छलफल गर्दा "कानेपोखरी गाउँपालिकाको कर्मचारीहरुको व्यवस्थापन कार्यविधि" निर्माणको लागि ड्राफ्ट तयार गरी आगामी कार्यपालिकामा पेश गर्न विधयेक समितिलाई जिम्मेवारी दिने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो ।

**निर्णय नं. (१२)**

प्रस्ताव नं.(१२) माथि छलफल गर्दा मोरङ निर्वाचन क्षेत्र नं.३ अन्तर्गत रहेको कानेपोखरी गाउँपालिकाका वडा नं.४,५,६ र ७ मा रहेका फुसका छाना भएका घरको छानालाई टिनले विस्थापन गर्ने कार्यक्रम (सुरक्षित नागरिक आवास कार्यक्रम) मा रहेको १३० घर संख्या सम्बन्धित लाभग्राहीको विवरण संघीय सरकारमा पठाउने सर्वसम्मतबाट पठाउने निर्णय पारित गरियो ।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

मिति २०८०।०१।२८ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय

CamScanner